आज मिति २०८२ साल श्रावण महिनाको १६ गते शुक्रवार दिन शिवपुरी गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को पहिलो बैठक गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री गोविन्द प्रसाद थपलियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा बसी निम्नानुसार निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | गोविन्द प्रसाद थपलिया | अध्यक्ष | |
| २ | विर बहादुर तामाङ | उपाध्यक्ष | |
| ३ | सुकुराम तामाङ | वडा अध्यक्ष | |
| ४ | कुमार तामाङ | वडा अध्यक्ष | |
| ५ | नाती तामाङ | वडा अध्यक्ष | |
| ६ | चन्द्र बहादुर गुरुङ | वडा अध्यक्ष | |
| ७ | रेशम बहादुर मोत्तान | वडा अध्यक्ष | |
| ८ | विष्णु श्रेष्ठ | वडा अध्यक्ष | |
| ९ | वीर बहादुर तामाङ | वडा अध्यक्ष | |
| १० | केशव प्रसाद रिजाल | वडा अध्यक्ष | |
| ११ | सञ्जीमाया तामाङ | कार्यपालिका सदस्य | |
| १२ | ज्ञानुमाया तामाङ | कार्यपालिका सदस्य | |
| १३ | साबित्री रिजाल | कार्यपालिका सदस्य | |
| १४ | भगवती बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | जानुका खाती सुनार | कार्यपालिका सदस्य | |
| १६ | रिता नेपाली | कार्यपालिका सदस्य | |
| १७ | बद्रिनाथ लम्साल | सदस्य सचिव | |

## अन्य उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

# छलफलका विषय वस्तुहरु

१. समिक्षा सम्बन्धमा ।

२. मनसुनजन्य विपद् सम्बन्धी सचेतना सम्बन्धमा ।

३. आगामी आ.व. २०८१/०८२ को आन्तरिक आयको जानकारी सम्बन्धमा ।

४. आन्तरिक आय बन्दोबस्तिका लागि ठेक्का प्रकशन सम्बन्धमा ।

(क) लिखु खोलाबाट नदीजन्य पदार्थ निकासी सम्बन्धमा ।

(ख) पर्यटकीय क्षेत्र लौके, सानी छहरे झरनाको सम्बन्धमा ।

(ग) पर्यटकीय क्षेत्र सूर्यचौरको सम्बन्धमा ।

५. वार्षिक कार्ययोजना स्वीकृत सम्बन्धमा ।

६. वार्षिक खरिद योजना स्वीकृत सम्बन्धमा ।

७. विविध ।

CS CamScanner

# छलफल तथा निर्णयहरु

**निर्णय नं. १ समिक्षा सम्बन्धमाः-** आ.व. २०८१/०८२ को योजना तथा कार्यक्रम पूर्व रुपमा कार्यान्वयन भएको र चालु आ.व. का योजना तथा कार्यक्रम कार्यान्वयनको प्रक्रियामा रहेको व्यहोरा छलफल तथा जानकारी भयो ।

**निर्णय नं. २ मनसुनजन्य विपद् सम्बन्धी सचेतना सम्बन्धमाः-** वर्षातको समयमा भारी वर्षा भै जनधनको क्षति भएकोले यस्ता प्राकृतिक प्रकोपबाट बँच्न र बचाउन समुदायमा मनसुन जन्य विपद् सम्वन्धी सचेतना फैलाउने कार्य गर्ने र स्थानीय प्रहरी चौकीलाई पनि उक्त निर्णय जानकारी एवम् कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३ आ.व. २०८१/०८२ को आन्तरिक आयको जानकारी सम्बन्धमाः-** आ.व. २०८१/०८२ मा गाउँपालिका र वडा कार्यालयवाट प्राप्त भएको निम्नानुसार आन्तरिक आम्दानीका सम्वन्धमा छलफल एवम् जानकारी भयो ।

**तपसिल**

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | जम्मा | कै. |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | १२४३०.०० | |
| २ | ११३१४ | भुमिकर/मालपोत | १२३७६००.९५ | |
| ३ | ११३१७ | वहाल कर | ७९६९५६.५८ | |
| ४ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ६६००.०० | |
| ५ | ११६९१ | अन्य कर | २०२४०.०० | |
| ६ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १९६८००.०० | |
| ७ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | २३८.०० | |
| ८ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १९००.०० | |
| ९ | १४२२४ | परीक्षा शुल्क | २७५००.०० | |
| १० | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १०५०१९२.६० | |
| ११ | १४२४२ | नक्सापास दस्तुर | ११५१७२५.९६ | |
| १२ | १४२४३ | सिफारिश दस्तुर | २०७९१६५.०० | |
| १३ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १३३००.०० | |
| १४ | १४२४५ | नाता प्रमाणित दस्तुर | ६००.०० | |
| १५ | १४२४९ | अन्य दस्तुर | १२९००.०० | |
| १६ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १५०१००.०० | |
| १७ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | १०००.०० | |
| १८ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ३२९४०.०० | |
| १९ | १४५२९ | अन्य राजस्व | ७३९७६३९.८६ | |

CS CamScanner

| क.सं. | राजस्व संकेत | राजस्व शीर्षक | जम्मा | कै. |
|---|---|---|---|---|
| २० | १४६११ | व्यवसाय कर | ११५000.00 | |
| २१ | १५१११ | बेरूजू | ११७४५३.१५ | |
| २२ | ३३३६६ | दहत्तर बहत्तर शुल्क(विभाज्य कोषमा जम्मा भएको) | १0७३५00.00 | |
| | | जम्मा | १५४९५७८२.१० | |

**निर्णय नं. ४ आन्तरिक आय बन्दोबस्तिका लागि ठेक्का प्रकशन सम्बन्धमा:-** निम्न स्थानबाट आन्तरिक आय वृद्धिका लागि आय ठेक्का सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**तपसिल**

(क) लिखु खोलाबाट नदीजन्य पदार्थ निकासी

(ख) पर्यटकीय क्षेत्र लौके झरना सानी छहरे झरना

(ग) पर्यटकीय क्षेत्र सुइरे चौर

**निर्णय नं. ४ वार्षिक कार्ययोजना स्वीकृत सम्बन्धमा:-** प्रत्येक सरकारी कार्यालयले आफु मातहतमा रहने कार्यालय, शाखा, इकाई, केन्द्रहरुबाट सञ्चालन हुने योजना, कार्यक्रमहरुको कार्य योजना बनाई सोही बमोजिम मात्रै योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने कानूनी व्यवस्था बमोजिम कार्यालयले तयार गरेको आ.व. २०८२/०८३ कार्य योजना स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ वार्षिक खरिद योजना स्वीकृत सम्बन्धमा:-** सार्वजनिक निकायले वस्तु तथा सेवा (परामर्श) हरुको खरिद कार्य गर्नु पूर्व अनिवार्य वार्षिक खरिद योजना स्वीकृत गराई मात्र खरिद सम्बन्धी कार्य गर्नु पर्ने भएकोले कार्यालयले तयार पारेको आ.व. २०८२/०८३ को वार्षिक खरिद योजना स्वीकृत गरी सोही बमोजिम सम्पूर्ण खरिद प्रक्रिया सञ्चालन गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७ विविध:-**

(क) **वार्षिक समिक्षा सम्बन्धमा:-** कार्यालयबाट आ.व. २०८१/०८२ मा सम्पदान गरिएको योजना तथा कार्यक्रमको समिक्षा मिति २०८२/०५/१३ गते शुक्रबारका दिन गर्ने निर्णय गरियो ।

CamScanner